प्रस्तावहरु
१. आर्थिक ऐन २०७५ को संशोधन सम्वन्धमा ।
२. इ हाजिरी इन्ट्रानेट तथा वडाबाट राजश्व संकलन सम्बन्धमा ।
३. सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा ।
४. कोटिहोम तथा धनुषकोटी क्षेत्रमा संरचना निर्माण सम्वन्धमा ।
५. वडा नं. ७ मा वाखा बजार लगाउने सम्बन्धमा ।
६. निशुल्क सिफारिश सम्वन्धमा ।

निर्णय नं. १
प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७५/०३/१० गते बसेको कनकाइ नगरपालिकाको नगर सभाबाट स्वीकृत कनकाई नगरपालिकाको आर्थिक ऐन २०७५ मा एकिकृत सम्पति कर, व्यवसाय दर्ता शुल्क तथा सिफारिश दस्तुरमा तत्काल केही संशोधन गर्नु पर्ने भएकोले नगर कार्यपालिकाको ३४ औं बैठकबाट गठित कार्यदलले पेश गरे बमोजिम एकिकृत सम्पति कर साविक बमोजिम नै हुने तथा अन्य कर, दस्तुर र शुल्कमा कार्यदलले पेश गरे बमोजिम संशोधन गर्ने आगामी नगर सभाबाट अनुमोदन हुने गरी मिति २०७५/०५/१२ गते बाट लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. २
प्रस्ताव नं. २ माथि छलफल गर्दा वडा कार्यालय तथा बाँकी रहेका विद्यालयहरुमा इ हाजिरी विस्तार गर्ने । इन्ट्रानेट जडानको लागि नेपाल टेलिकमसंग आवश्यक छलफल गर्ने र वडा कार्यालयहरुवाट पनि राजश्व संकलन कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ३
प्रस्ताव नं. ३ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंक मार्फत गर्न सरोकारवला बैंकहरु संग आवश्यक छलफल गरी भत्ता वितरणको लागि बैंकहरुको छनौट, वितरणका सेवा शर्त लगायतको विषयमा सिफारिश पेश गर्न देहाय वमोजिमको कार्यदल वनाउने निर्णय गरियो ।

| | |
|---|---|
| श्री गोविन्द प्रसाद पौडेल | संयोजक |
| श्री रुद्र प्रसाद चिमरिया | सदस्य |
| श्री प्रेम वहादुर कटुवाल | सदस्य |
| श्री भोजराज आचार्य | सदस्य सचिव |

निर्णय नं. ४
प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरको महत्वपूर्ण पर्यटकीय क्षेत्रको रुपमा रहेका कोटीहोम तथा धनुपकोटी क्षेत्रमा अनावश्यक तथा अनाधिकृतरुपमा भौतिक संरचनाहरु निर्माण भई त्यस क्षेत्रको सुन्दरतामा समेत असर परिरहेको देखिएकोले अर्को व्यवस्था नभए सम्मको लागि त्यस क्षेत्र भित्र कुनै पनि भौतिक संरचनाहरु निर्माण नगर्नु तथा नगराउनु हुन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५
प्रस्ताव नं. ५ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ७ मा वाखा बजार लागाउन आवश्यक सहयोग तथा सहमतिको लागि प्रस्ताव पत्र पेश भएकोमा उक्त स्थानमा वाखा बजार लगाउन सहमति दिने र आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ६
प्रस्ताव नं. ६ माथि छलफल गर्दा कर पुनरावलोकन कार्यदलले पेश गरे बमोजिम १८ प्रकारका सिफारिस तथा सेवा निशुल्क प्रदान गर्ने निर्णय गरियो ।

## कनकाई नगरपालिकाबाट निशुल्क रुपमा हुने सिफारिसहरु

१. घटना दर्ता (३५ दिन भित्र) ।
२. अपाङ्गताको सिफारिस ।
३. जेष्ठ नागरिक परिचयपत्र र सो सम्बन्धी सिफारिस।
४. विपन्नलाई उपचार सहयोग सम्बन्धी सिफारिस ।
५. छात्रवृत्ती सम्वन्धी सिफारिस ।
६. बैंक खाता खोल्ने सिफारिस ।
७. आदिवासी / जनजाती / दलित/ अल्पसंख्य/ सीमान्तकृत/ पिछडा वर्ग प्रमाणिकरण सिफारिस ।
८. सामाजिक सुरक्षा भत्ताको सिफारिस ।
९. पशु तथा कृषि बिमाको लागि गरिने सिफारिस ।
१०. वैदेशिक रोजगारीमा मृत्यु भएकाकोसंग सम्बन्धित सिफारिस ।
११. विपत तथा प्रकोपबाट क्षति भएको कागजात सम्बन्धी सिफारिस (३५ दिन भित्र)।
१२. कडा रोग उपचारका लागि गरिने सिफारिस ।
१३. आर्थिक अवस्था कमजोर हुनेलाई कोर्ट फि निशुल्कको सिफारिस ।
१४. अशक्त, असहाय तथा अनाथको पालपोषणको सिफारिस ।
१५. निशुल्क कानुनी सहायता सम्बन्धी सिफारिस ।
१६. बाटोमा परेका जग्गा लगत कट्टा सम्बन्धी सिफारिस (प्लटिङ्ग बाहेक) ।
१७. वडाबाट नगरपालिकामा गरिने सिफारिस ।
१८. सम्पूर्ण अनुसूची फारमहरु ।

(माथि उल्लेखित सिफारिशहरुमा लाग्ने निवेदन दस्तुर समेत निशुल्क गरिएको छ)